# चाँगुनारायण नगरपालिकाको तेस्रो नगरसभामा उपप्रमुख श्री विना वास्तोलाज्यू ले प्रस्तुत गर्नु भई सभाबाट सर्वसम्मत पारित भएको आ.व २०७५/०७६ को नीति तथा कार्यक्रम

## १. परिचय र समीक्षा

### १.१ पृष्ठभूमि

सम्मानित नगरसभाका सभाध्यक्ष एवम सदस्यज्यूहरु,

१. दुई दशक सम्म रिक्त रहेको स्थानीय निकायमा नेपालको संविधान जारी भइसकेपछि संविधानले परिकल्पना गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अनुसार तीन तहको सरकार अन्तर्गत पहिलो चरणको स्थानीय तहको निर्वाचन पछि स्थापित यस चाँगुनारायण नगरपालिकाले एक वर्षको अवधि राम्ररी पुरा गरेको छ भन्ने विश्वासका साथ सम्मानित नगरसभामा पहिलो जनप्रतिनिधिको हैसियतले यस नगरपालिकाको आगामी दिनको सुनौलो भाग्य र भविष्यको मार्गचित्र कोर्नको लागि आगामी आ.व. २०७५।०७६ को नीति तथा कार्यक्रम यस गरिमामय नगरसभामा प्रस्तुत गर्न पाउँदा अत्यन्त खुशी लागेको छ ।यस अवसरमा म नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रको लागि नेपाली जनताले पटकपटक गर्दै आएको ऐतिहासिक जन आन्दोलन, सशस्त्र आन्दोलन लगायतका आन्दोलनको स्मरण गर्न चाहन्छु । लोकतन्त्रको स्थापनार्थ शहीदहरुको त्याग र बलिदानलाई उच्च सम्मान गर्दछु । चाँगुनारायण नगर बासी सम्पुर्ण दाजु भाइ तथा दिदिवहिनीहरुले जुन विश्वास र स्नेहको साथ हामीलाई आफ्नो क्षेत्रको भविष्य आफैं निर्माण गर्ने अवसर दिनुभयो त्यसको लागि हार्दिक नमन गर्दै यहाँ हरुको विश्वासलाई पूरा गर्ने प्रतिवद्वता व्यक्त गर्दछु ।

२. स्थानीय तहले कसरी कार्यसञ्चालन गर्नेभन्ने अन्योलताको बीच नगरपालिका बनिसकेपछि आम नागरिकको अपेक्षा बढ्नु स्वभाविकनै रहेको छ । स्थानीय सरकारलाई आफ्नू क्षेत्रको शासन आँफै गर्न, आफ्नो क्षेत्रको विकास आँफै गर्ने तथा आफूलाई आवश्यक कानून आफैं तर्जुमा गर्ने प्राप्त अधिकारहरुलाई संस्थागत गर्दै बामे सर्दै गरेको अवस्थामा नगरपालिकाबासीहरुको अपेक्षा अनुरुप नगरपालिकाले सेवा प्रवाह गर्न, विकास निर्माण गर्न, घरदैलोमा सरकारको उपस्थितिको प्रत्याभूति गराउन निकै कठिनाईहरु विद्यमान रहेका छन । यद्दपी हरेक वादलमा चाँदिको घेरा देखिए जस्तै जस्तोसुकै चुनौतिको वावजुद पनि चाँगुनारायण नगरपालिकालाई समृद्ध तथा समुन्नत बनाउन आज हामी यस सम्मानित नगरसभामा उपस्थित भएका छौं ।

सम्मानित नगरसभाका सभाध्यक्ष एवम सदस्यज्युहरु,

अब म चालु आर्थिक वर्षका नीति तथा कार्यक्रमहरुको समीक्षा पेश गर्ने अनुमति चाहन्छु ।

### १.२ चालू आ.व.को नीति तथा कार्यक्रमको समीक्षा

**क) आर्थिक क्षेत्र**

- यस नगरपालिकाले कृषि, पर्यटन तथा सहकारी लगायतका क्षेत्रमा उल्लेखनीय प्रगति गरेको छ ।पर्यटकहरुको समस्या जतिसक्दो छिटो अन्त्य गर्ने हेतुले नगरपालिकाले यस वर्ष नगरकोट वसपार्क क्षेत्रमा सुविधासम्पन्न शौचालय निर्माणाधीन अवस्थामा रहनु, "पर्यटकको कर पर्यटनमै" भन्ने नाराका साथ पर्यटन करको शुरुवात गरिनु, पर्यटकीय क्षेत्रमा पर्यटन व्यवसायलाई टेवा र थप रमणीय बनाउनको लागि ४१ वटा सोलार वत्ति पर्यटन वोर्डको सहयोगमा जडान हुने क्रममा रहनु तथा Smart Automated Tourist Guide System को सम्भाव्यता अध्ययनको चरणमा रहनु यस क्षेत्रमा भएका केही महत्वपूर्ण कामहरु हुन जसले आगामि दिनमा यस पर्यटकीय नगरीमा अझ बढी पर्यटक भित्र्याउन सकिने देखिन्छ ।
- SRI खेति प्रविधि प्रदर्शन सम्वन्धि तालिम सम्पन्न भइसकेको अवस्था रहेको, आकस्मिक बाली संरक्षण सेवा र अभियान सन्चालनमा रहेको, ७५ प्रतिशत अनुदानमा कृषि चुन वितरण भएको तथा कृषि कार्यको नियमित रुपमा अनुगमन निरिक्षण भइरहेको अवस्था छ । यसले पक्कै पनि यस नगरपालिका क्षेत्र भित्रको कृषि क्षेत्रको प्रबर्दनमा महत्वपूर्ण योगदान दिने देखिन्छ ।
- यस नगरपालिका भित्र रहेका पाँच वटा पशु सेवा केन्द्रले पशु सँग सम्वन्धित विभिन्न प्रकारका मेडिकल उपचार, सर्जिकल सेवा, परजीवि नियन्त्रण, वर्षे घाँस टियोसेन्टी तथा कृत्रिम गर्भाधान लगायतका सेवाहरु उपलब्ध गराइरहेको छ ।

**ख) सामाजिक क्षेत्र**

- शैक्षिक सत्र २०७५ को वार्षिक क्यालेण्डर निर्माण हुनु, विद्यार्थी उपलब्धि अभिबृद्वि योजना (SARP) र अपेक्षित न्युनतम प्राप्ताङ्क प्रतिशत (LOCUS) घोषणा सम्वन्धी कार्यशाला सन्चालन तथा प्रधानअध्यापक र नगरपालिका बीच कार्यसम्पादन करार सम्झौता भएको छ जसले नगरपालिका भित्रको शैक्षिक वातावरणमा समयानुकूल रुपमा प्रभाबकारीता आउने देखिन्छ ।
- पूर्ण खोप सुनिश्चित नगरपालिका घोषणा हुनु,
- नेपाल सरकार बाट उपलब्ध हुने निःशूल्क
- औषधिको अभाब हुन नदिने ब्यवस्था गरिनु,
- १०३ जना मुटु, मृगौला, क्यान्सर, ब्रेन ह्यामरेज रोगको रोगीहरुलाई प्रतिव्यक्ति रु.१०००० को दरले आर्थिक सहायता उपलब्ध गराउनु तथा नगरक्षेत्र भित्र जम्मा ३६ वटा ठाउँमा नगरबासीलाई व्वड प्रेसर मेसिन वितरण गरिनु तथा दुइ वटा सहरी स्वास्थ्य क्लिनिक सञ्चालन हुन आँफैमा महत्वपूर्ण कामहरु हुन ।
- महिलाहरुको लागि विभिन्न प्रकारका सशक्तिकरणका तालिम प्रदान गरिएको, नगरस्तरीय बाल संरक्षण समितिको गठन तथा अभिमुखीकरण सम्पन्न भएको छ
- बालश्रम मुक्त इट्टा भट्टाका उधोगीहरुलाई सम्मान गरिएको छ

- लक्षित कार्यक्रम बाट करिव ५०० जना लाभान्वित भएको लगायतका उपलब्धिलाई आफैमा कम आंक्न नमिल्ला जसले सामाजिक समाबेशीकरण तथा लैङ्गिक समानता प्रबर्धनमा उल्लेख्य भूमिका खेलेको देखिन्छ ।
- यस नगरपालिकामा स्कूल जाने उमेर समूह (५ देखि १४ वर्ष) का कोही पनि बालबालिका बिद्यालय बाहिर छैनन् भन्ने कुराको सुनिश्चितता गरिएको छ ।

**ग) पूर्वाधार क्षेत्र**

- सडक तर्फ ७८ प्रतिशत कार्यसम्पन्न भइसकेको अवस्था जसमध्ये कालोपत्रे २६०० मिटर, ग्राभेल १२००० मिटर तथा नयाँ ट्र्याक ८ किलोमिटर खोलिइसकेको छ । जसले हरेक टोल र बस्तिमा सुरक्षित सडक यातायातको पहुँच पुर्याउने सपनालाई मूर्तरुप दिने देखिन्छ ।
- उपभोक्ता समिति र नगरपालिकाको साझेदारीमा संचालन हुने गरी १४ वटा कार्यहरु तय भइ योजना हरु संचालनमा रहेको छ ।
- छालिङ्ग क्षेत्रमा खानेपानीको समस्याको निर्मूल पार्ने उद्देश्यले स्मार्ट खानेपानी आयोजनाको विस्तृत अध्ययन प्रतिवेदन तयारीको क्रममा रहनु, दुवाकोट-चाँगुनारायण सडक विस्तार सहित स्तरोन्नतिको कार्य अघि बढ्नु लगायतका क्रियाकलाप सन्चालनमा रहनुले यस नगरपालिका खानेपानी तथा सडक पूर्वाधारको क्षेत्रमा आफ्नू नागरिकलाई सेवा सुविधा पुर्याउन संबेदनशील रहेको देख्न सकिन्छ ।
- खानिपानीको समस्यालाई समाधान गर्न यस वर्ष मात्र नगरपालिकाको प्रत्यक्ष लगानीमा ५ वटा र अन्य निकाएको सहयोगमा जम्मा १० वटा डिपबोरिंग कार्य सम्पन्न भएका छन् ।

**घ) वातावरण तथा विपद व्यवस्थापन**

- नगरपालिका क्षेत्र भित्र कुनै विपद आइपरेमा त्यसलाई तत्काल सम्वोधन गर्नको लागि नगरस्तरीय आपतकालीन कार्यसंचालन केन्द्रको स्थापना भई कार्य सुचारु रहेको छ ।
- पर्यटन जोखिम संवेदनशीलता योजना तयार भइसकेको छ ।
- नगरस्तरीय खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समितिको गठन भई यसको कार्यदलद्वारा खानेपानी, सरसफाई तथा स्वच्छता रणनीतिक कार्ययोजनाको काम सम्पन्न भएको छ । यसले नगरपालिकाको पर्यावरणलाई संरक्षण गर्ने देखिन्छ ।
- भूकम्प प्रभावित संरचनाको नक्सा पासमा लाग्ने राजश्वमा सत प्रतिशत छुट दिइएकोमा सोबाट १२३५ जना लाभग्राहीहरु लाभान्वित भएका छन भने यो सुविधाले रु १,१५,२२,००० (अक्षररेपी रु एक करोड पन्ध्र लाख बाइस हजार रुपैयाँ) बराबरको राहत सुविधा उपलब्ध गराइएको छ ।

**ङ) संस्थागत विकास तथा सुशासन**

- सूचना प्रविधिको क्षेत्रमा नगरस्तरीय जिपिएस म्यापिङ्ग सहितको घरधुरी तथा संस्थागत तथ्याङ्क संकलनको कार्य सम्पन्न भइसकेको छ ।जसले यस नगरपालिकाको योजना तर्जुमा तथा विपद व्यवस्थापन र अन्य कार्येक्रम संचालन यथार्थपरक बनाउने देखिन्छ ।

- नगरपालिका भित्र बायोमेट्रिक हाजिरी र सिसि टिभि जडानको कार्य सम्पन्न भइसकेको छ ।
- न्ययिक समितिको सुरुवात भइसकेको र हालसम्म ७ थान मुद्दा फर्छ्योट भएको छ ।

# २. आगामी आ.व. २०७५।०७६ को नीति, कार्यक्रम तथा बजेट

सम्मानित नगरसभाका सभाध्यक्ष एवम सदस्यज्युहरु,

अव म यस नगरपालिकाको सोँच, लक्ष्य, उद्देश्य र नीति तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्वन गरिएका आधारहरु पेश गर्दछु ।

## २.१ सोँच, लक्ष्य, उद्देश्य र अवलम्वनका आधारहरु

### २.१.१ सोँच

चाँगुनारायण नगरपालिकाका नगरवासीहरुको आधारभूत आवश्यकता पूरा गर्दै विशिष्ट पहिचान सहितको सुन्दर र समृद्ध नगर बनाउने मुख्य सोच रहेको छ ।

### २.१.२ लक्ष्य

विश्व सम्पदा सूचीमा सूचीकृत श्री चाँगुनारायणको मन्दिर र प्राकृतिक सौन्दर्यता साथै देशकै प्रमुख पर्यटकीय स्थल मध्येको नगरकोट लगायत विभिन्न ऐतिहासिक, पुरातात्विक, धार्मिक, सामाजिक महत्वका क्षेत्रहरु रहेको चाँगुनारायण नगरपालिका लाई पुरातात्विक सम्पदा तथा प्राकृतिक सौन्दर्यताको बहुउपयोग गरी प्रचुर पर्यटन विकास गर्दै सबल, सक्षम र समृद्धशाली बनाउने लक्ष्यका साथ नगरलाई भौतिक, आर्थिक, सामाजिक, शैक्षिक, धार्मिक, साँस्कृतिक तथा पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण नगरको रुपमा विकास गरि आर्थिक एवम सामाजिक दृष्टिले समुन्नत, आत्मनिर्भर र स्वावलम्वी नगर बनाउने लक्ष्य राखिएको छ ।

### २.१.३ उद्देश्य

- स्थानीय सरकारको रुपमा नवनिर्वाचित सक्षम र दुरदृष्टिपूर्ण नेतृत्वमा सरकारी, गैरसरकारी, निजी क्षेत्र एवं समुदाय सहितको समन्वय र सहभागितामा उपलब्ध श्रोत साधनको समुचित परिचालन गरिनेछ । आर्थिक तथा सामाजिक असमानता हटाउन सुशासन एवं पारदर्शिता कायम गरी समावेसी समानुपतिक विकासको अवधारणा नगरपालिकाको समग्र विकासको लागि भौतिक पूर्वाधार एवं सामाजिक क्षेत्रमा लगानी वृद्धी गरिनेछ ।लक्षित वर्गका लागि विशेष कार्यक्रमहरु मार्फत आर्थिक सामाजिक उन्नति र पहुँचमा बृद्धि गर्न गरिबी न्यूनीकरण कार्यक्रम संचालन गरिनेछ ।
- सुशासनको प्रत्याभूति सहित ऐतिहासिक कला, संस्कृति, सम्पदा तथा प्राकृतिक सौन्दर्यता युक्त स्रोत साधनहरुको अधिकतम परिचालनका साथ समग्र विकास द्वारा देशकै नमुना नगरपालिकाको रुपमा संस्थागत सवल सक्षम र आत्मनिर्भर बनाउने मुख्य उद्देश्य हुनेछ ।

### २.१.४ अवलम्वनका आधारहरु

वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्वन गरिएका प्रमुख पद्वति तथा आधारहरु निम्नानुसार छनः

- नेपालको संविधानमा व्यवस्था भए अनुसार स्थानीय तहका अधिकारका सूचीकृत विषयहरु ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- त्रीवर्षिय योजना तथा बजेट बक्तव्य
- दिगो विकासका लक्ष्यहरु
- राजश्व परामर्श समिति, स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समिति, वजेट तथा कार्यक्रम तर्जुमा समिति लगायतका समिति बाट प्राप्त राय सुझावहरु ।
- वडा वस्ती स्तरमा भएका छलफलका सुझाबहरु एवम संकलन भएका योजना तथा कार्यक्रमहरु ।
- विषयगत समितिबाट प्राप्त राय सुझाब ।

## २.२ वार्षिक नीति तथा कार्यक्रम तर्जुमा अवलम्वन गरिएका प्रमुख नीति तथा आधारहरु

सम्मानित नगरसभाका सभाध्यक्ष एवम सदस्यज्युहरु,

अब म यस गरिमामय नगरसभामा चाँगुनारायण नगरपालिकाले आ. व. २०७५।०७६ मा अख्तियार गर्ने नीति तथा कार्यक्रम पेश गर्ने अनुमति चाहन्छु।

### २.२.१ मुलभूत नीति तथा कार्यक्रमः

१. "शासन होइन सहभागिता र सहकार्य" भन्ने मूल नाराका साथ आम चाँगुनारायणबासीमा नगर सरकारको उपस्थितिको आभाष दिलाइनेछ ।

२. "समृद्ध नेपाल, सुखी नेपाली" भन्ने हाम्रो राष्ट्रिय उद्देश्यलाई पुरा गर्ने तर्फ हाम्रा विकास निर्माणका क्रियाकलापलाई परिलक्षित गर्दै लगिनेछ ।

३. दिगो विकासका लक्ष्यले निर्दिष्ट गरेका लक्ष्य प्राप्ति तर्फ हाम्रो ध्यान केन्द्रित गरिनेछ ।

४. रचनात्मक तथा सकारात्मक सोचका साथ उन्नति, प्रगति, समृद्धि एवं विकासको दूरदृष्टी तय गरी योजनाबद्ध तरिकाले अगाडि बढ्न नगरपालिकाको विद्युतीय प्रोफाइल (Electronic Profile) निर्माण गरी नगरपालिकाको पञ्च वर्षीय गुरू योजना तयार गरिनेछ ।

५. यस नगर क्षेत्र भित्र भएका खानेपानीका स्रोतहरुको संरक्षण एवम सदुपयोग गर्दै बहु बर्षे योजना अन्तरगत गडगडे/ मुहान पोखरी/ मनोहरको पानी तेलकोटको त्रीशुल डाँडामा तानि यथासम्भव घरघरमा खानेपानी वितरण गर्न र बोजिनी क्षेत्रमा उपलब्ध पानीको स्रोतलाई संरक्षण तथा परिचालन गर्ने नीति लिइनेछ ।

६. DPR भइसकेका खानेपानी संरचनालाई यस वर्ष निरन्तरता दिइनेछ ।

७. विकास निर्माणको कामलाई जनसहभागितामूलक बनाउन तथा छरिएर रहेको पूँजीलाई एकत्रित्र गरेर विकास निर्माणको क्रियाकलापमा लगाउन सुरु गरिएको साझेदारीको योजनाको कार्यलाई दोब्बर बनाई निरन्तरता दिइनेछ ।

८. यस नगरपालिकालाई योजनाबद्व ढंगले विकास गर्न भूउपयोग नीति अन्तर्गत कृषि उत्पादन क्षेत्र, औधोगिक क्षेत्र, आवास क्षेत्र, हरियाली क्षेत्र, खुल्ला क्षेत्र समेतको आवश्यक

क्षेत्रहरुको पहिचान गरी विषेश क्षेत्र निर्धारण गर्ने र नयाँ व्यवस्थित सहरको अवधारणालाई यथाशीघ्र शुरु गराउन पहल गरिनेछ ।

९. मनोहरा, घट्टेखोला, खस्याङखुसुङ तथा तब्याखोसी कोरिडोर यथासंभव छिटो निर्माण गर्न सम्वन्धित निकाय संग अनुरोध गरिने छ । मनोहरा सभ्यतालाई जीवित राख्न तथा नदी सफा राख्न नगरपालिकाको तर्फबाट आवश्यक पहल गरिनेछ ।

१०. भवन निर्माण इजाजत पत्र लिन आउँदा "एक घर, दुई विरुवा" को नीतिलाई अनिवार्य रुपमा लागू गर्ने गरी प्रकृया अघी बढाइनेछ ।

११. उत्पादनमुलक रोजगारीको अवसर सिर्जना गरी युवालाई रोजगार उपलब्ध गराइनेछ ।आन्तरिक रोजगारि तथा आय आर्जनका सम्भावनाहरुलाई खोज अनुसन्धान गरी वैदेशिक रोजगारीलाई न्युनिकरण गर्न प्रयास गरिनेछ ।

१२. विकासका कार्यहरुलाई परिणाममुखी बनाउन नतिजामा आधारित (Result Oriented) विकास गर्ने परिपाटी अवलम्वन गरिनेछ ।

१३. नगरपालिकामा निर्माण हुने भौतिक पूर्वाधारहरुलाई गुणस्तर र प्रभावकारी बनाउन प्राविधिकरुपमा पूर्व सम्भाव्यता अध्ययनलाई अनिवार्य बनाइने छ ।

१४. नगरपालिका क्षेत्र भित्र अत्यावश्यक सडकहरुको लागि नगर यातायात गुरुयोजना (MTMP) लाई अद्यावधिक गरी विस्तृत योजना प्रतिवेदन तयार गरी लागू गरिनेछ ।

१५. चाँगुनारायण पोली टेक्निक इन्स्टिच्युट स्थापनाको लागि पहल गरिनेछ । साथै नगरपालिका भित्र नगरपालिकाको पूर्ण वा आंशिक स्वामित्व रहने गरी एक सामुदायिक इन्जिनियरिङ्ग कलेज स्थापना गर्न पहल गरिनेछ ।

१६. नगरपालिका क्षेत्र भित्र रहेका सामुदायिक वनलाई त्यसको उपयोगिता नष्ट नहुनेगरी आवश्यक मापदण्ड तयार गरी पर्यटन तथा जडिबुटीका लागि प्रयोगमा ल्याइनेछ ।

१७. जेष्ठ नागरिकलाई सम्मान गरिनेछ ।

१८. पर्ती जग्गा सीमाङ्कन तथा संरक्षणको लागि आवश्यक कदम चालिनेछ ।

१९. नगरपालिका स्तरीय खेलकुद प्रतियोगिता सन्चालन गर्दै "नगरपालिकाका लागि खेलकुद, स्वास्थ्यका लागि खेलकुद" भन्ने नारालाई अबलम्वन गरिनेछ साथै रंगशाला निर्माणलाई विषेश प्राथमिकतामा राखिनेछ ।

२०. यस नगरपालिका भित्र नयाँ नापीलाई व्यवस्थित गर्नको लागि आवश्यक कदम चालिनेछ ।

२१. नगरपालिकाभित्र संचालित योजना तथा कार्यक्रमहरुको संयुक्त अनुगमन टोली (Joint Monitoring Team) गठन गरी अनुगमन, सुपरिवेक्षण तथf मूल्याङ्कनलाई प्रभावकारी रुपमा लागू गरिनेछ ।

२२. पारदर्शिता, जवाफदेहिता, इमान्दारिता, कर्तव्यनिष्ठताका साथ सेवा प्रवाहलाई जनताको घरदैलोमा पुर्याई आमजनतामा सुशासनको प्रत्याभूति दिलाइनेछ ।

२३. नगरपालिकाको नियमित प्रशासनिक सेवा प्रवाहलाई"मुस्कान सहितको सेवा" (Service With Smile) को नीति लिइनेछ ।

२४. सेवाग्राहीहरुको गुनासो तथा उजुरीहरुलाई तत्कालै सुनुवाई (Rapid Response) गर्ने व्यवस्था गरिनेछ ।

२५. आवधिक योजनाहरु विकास गर्नका लागि नगरपालिका स्तरीय आवधिक योजना (Municipality Periodic Plan) तर्जुमा गर्नका लागी आवश्यक पहल गरिनेछ ।

२६. सामाजिक संघ संस्था संचालन कार्यविधि तयार गरी सेवा सुविधा, तलब भत्तामा एकरुपता कायम गरिनेछ । कार्यक्रम डुप्लिकेशन हुन नदिन विशेष व्यवस्था गरिनेछ ।

२७. नगरक्षेत्र भित्र हाल भइरहेका विधुत पोल, ट्रान्सफर्मर समेत ब्यक्तिगत जग्गा जमिनमा अव्यवस्थित रुपमा रही सञ्चालन भइ आएकाले सो बाट व्यक्तिको सम्पत्ति उपभोगमा असर पर्नुको साथै सम्भावित दुर्घटनाको समेत डर हुने भएकाले सो को निराकरणको लागि यथा सम्भव सडक किनारा वा सार्वजनिक उपभोगको स्थानमा व्यवस्थित गर्न लगाइ आवश्यकता अनुसार पोल तथा लाइनको सुरक्षित सुधार यथासम्भव गर्न गराउन सम्वन्धित नेपाल विधुत प्राधीकरण सँग समन्वय एवम् पहल गरिनेछ ।

सम्मानित नगरसभाका सभाध्यक्ष एवम सदस्यज्यूहरु,

### २.२.२ क्षेत्रगत नीति तथा आधारहरु

#### क) आर्थिक क्षेत्र

- **कृषि सम्बन्धी नीति तथा कार्यक्रमहरुः** श्रोत साधानमा पहुँच भएका र साधन र अवसरमा तुलनात्मक रुपमा न्युन पहुँच भएका दुवै समूहका कृषकहरुको आवश्यकतालाइ समेट्ने गरी निम्न नीतिहरु अवलम्वन गरिने छ ।
  - स्थानीय सम्भाव्यता, तुलनात्मक लाभ तथा विशिष्ट अवसरको उपयोग गरी उपयुक्त कृषि प्रविधिहरुको विकास, प्रसार तथा उपयोग वाट कृषि उत्पादन एवं उत्पादकत्व बढाइनेछ। साथै कृषिको व्यवसायीकरण तथा विविधीकरणमा जोड दिइ आयआर्जन तथा रोजगारीका थप अवसरहरु सृजना गरिनेछ ।
  - सिँचाई सुविधा, कृषि सडक, गामीण विधुतीकरण र उपयुक्त कृषि प्रविधिको विकास तथा विस्तार गरिनेछ।सिँचाई, सडक, गामीण विधुतीकरण सुविधा भएका क्षेत्रमा उपलव्ध प्रविधिको सघन र व्यापक उपयोग गरिनेछ ।
  - वैज्ञानिक भू-उपयोग प्रणालीको उपयोग गरी उर्वर कृषि भूमिलाइ गैर कृषि प्रयोगमा ल्याउन निरुत्साहित गरिनेछ । भिरालो जमिनको वैज्ञानिक प्रयोगमा वढावा दिइनेछ ।
  - स्थानिय तहमा कृषकहरुको क्षमता सुधारका लागि कृषक तालिम कार्यक्रममा विशेष जोड दिइनेछ ।
  - Good Agriculture Practice को माध्यमद्वारा स्वस्थकर उत्पादनमा जोड दिइनेछ ।
  - विदेश वाट फर्केका र स्वदेशमा नै केही गर्ने चाहाना भएका कृषकका लागि मागमा आधारित कार्यक्रम संचालन गरि कृषि पेशामा आकर्षित गरिनेछ।

- व्यावसायिक खेति कृषकहरुको लागि लाभ लागत विश्लेषण एवं व्यावसायिक योजना तर्जुमा तालिम संचालन गरी क्षमता अभिवृदि गरिनेछ साथै व्यावसायिक कृषकलाई प्रतिफलमा आधारित अनुदान दिइनेछ ।
- राज्यको नीति अनुरुप कृषि विमालाई वढावा दिइनेछ ।
- कृषि फसलमा हुने विषादी प्रयोगलाई नियन्त्रण गर्नको लागि आवश्यक कदम अगाडि बढाइनेछ ।

- **<u>पशु सेवाको नीति तथा कार्यक्रमहरुः</u>** चाँगुनारायण नगरपालीका अन्तरगत रहेको पशु सेवा शाखाको निम्न कार्य नीति अपनाइ कार्यक्रम संचालन गरीनेछ ।
  - पशु स्वास्थ्य सेवा तर्फः पशु पंछीमा प्राथमिक उपचार, परजिबि नियन्त्रण, रोग बिरुद्ध खोपबाट सेवा पुर्याइनेछ ।
  - पशु आहारा सेवा अन्तरगत घांसेबाली, घांसको बीउ बेर्ना बितरण कृषक समक्ष पुर्याइनेछ ।
  - पशु प्रजनन् सेवा कार्यक्रमबाट कृत्रिम गर्भाधान गरी नश्ल सुधार गरिदै आइएको छ र यसलाई थप व्यवस्थित गर्रिंदै लगिनेछ ।
  - तालीम सेवाः पशु पालक कृषक तथा ब्यवसायीहरुलाइ समय अनुसार ज्ञान सिप बढाउने उद्देश्यले छोटो अबधिको तालीम संचालन गरिदै लगिनेछ ।
  - प्रचार प्रशार सेवाः बिभिन्न माध्यमबाट कृषकलाइ उन्नत पशु पालन नयां प्रबिधि तर्फ आकर्षित गर्न गोष्ठि, अन्तरक्रिया आदीको माध्यमबाट संचालन गरिनेछ ।
  - समुह गठन तथा परिचालन बाट कार्यक्रम संचालन गरिनेछ ।
  - फर्म सुदृढीकरण कार्यक्रमबाट पशु पालनमा बृद्धि गरिनेछ ।
  - यस नगरपालिका भित्रका पशुहरुको तथ्याङ्क संकलनको कार्यलाई अघि बढाइनेछ ।
- **<u>सहकारी क्षेत्र</u>**
  - सहकारी तथा गरिबी निवारण व्यवस्थापन सूचना प्रणाली (COPOMIS) स्थापना गरिनेछ ।
  - प्रत्येक सहकारी संस्थाको कम्तीमा वर्षमा एकपल्ट नियमित अनुगमन गरिनेछ ।
  - नियमित अनुगमनबाट आवश्यक देखिएका संस्थाहरूको सघन अनुगमन गरिनेछ ।
  - सहकारी कानुनबमोजिम संस्थाहरूको स्थानीयकरण, एकीकरण एवं पुनर्गठन प्रशिक्षणको व्यवस्था मिलाइनेछ ।
  - सहकारी क्षेत्रलाई व्यवसायिक कृषि प्रवर्धन गर्ने खालको कार्यक्रम सञ्चालन गर्नलाई पहल गरिनेछ ।
- **<u>उद्योग तथा बाणिज्यः</u>**
  - स्थानीय उद्योगधन्दा, कलकारखाना, बालीनालीबाट उत्पादित वस्तुहरुको बजारीकरणको प्रवन्ध गरी स्थानीय रोजगारी तथा आय आर्जनमा वृद्धि गरिनेछ ।

- औद्योगिक क्षेत्रमा लगानी बढाउन तथा स्थानीय उद्योग धन्दालाई प्रोत्साहन गर्न आवश्यकनीतिगत, कानूनी, प्रशासनिक तथा आर्थिक सुधारका प्रयासहरु अवलम्बन गरिनुका साथै लगानीमैत्री वातावरण सिर्जना गरिनेछ ।

- **<u>पर्यटन क्षेत्र</u>**
  - नगरपालिकाको पर्यटनमा दिर्घकालीन विकास र प्रर्वदनको लागि गुरु योजना बनाउने कार्यलाई प्रमुख प्राथमिकता दिइनेछ ।
  - "पर्यटनको कर पर्यटनमै" भन्ने नारालाई लागू गरिनेछ ।
  - पर्यटकीय क्षेत्र नगरकोट तथा ताथलीमा भ्यू टावर निर्माणको लागि सम्भाव्यता अध्ययन गरिनेछ ।
  - पर्यटकहरुको सुविधाको लागि सुचना प्रविधिको अधिकत्तम प्रयोग गरि चाँगुनारायण नामक एन्ड्रोइड एप्लिकेशनमा पर्यटकहरुको लागि छुट्टै शेसनको निर्माण गरि संचालनमा ल्याईनेछ ।
  - पर्यटन क्षेत्रको दिगो विकास र प्रर्वद्धनको लागि नगर भित्रको मुख्य पर्यटकीय क्षेत्रहरुमा फ्रि वाईफाई जोन को स्थापना गरिने छ ।
  - नगरक्षेत्रमा ग्रामीण पर्यटनको विकास गर्ने हेतुले होमस्टे कार्यक्रम संचालन गरि स्थानीय समुदायलाई पर्यटनको लाभ तथा स्वरोजगारमा उन्मुख गराइने छ ।
  - सामुदायिक होम स्टेको स्थापनाको लागि स्थानीय स्तरका जनसमुदायहरुलाई आवश्यक तालिम तथा अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ ।
  - पर्यटकिय क्षेत्रमा भ्रमण गर्ने पर्यटकहरुको अभिलेखीकरणमा सुधारको निमित्त कम्पुटराईज प्रविधिको शुरुवात तथा व्यवस्थापन गरिनेछ ।
  - आवश्यकताको पहिचान गरि पर्यटकहरुको लागि सुविधा सम्पन्न शौचालयको व्यवस्था गरिनेछ ।
  - सम्भाव्यता अध्ययन पश्चात उपयुक्त ठाउँमा प्राकृतिक उद्यानको (Sunset Park) अवधारणा अघि बढाइनेछ ।
  - पर्यटकहरुको सेवा तथा सुविधाको लागि मुख्य पर्यटकीय क्षेत्रहरुमा Information Board र आवश्यक दिशा निर्देशन चिन्हको व्यवस्था गरिने छ ।
  - पर्यटकीय क्षेत्रका वातावरणलाई थप टेवा पुर्याउने उद्देश्यले पर्यटकीय क्षेत्रमा वृक्षारोपण र संरक्षण गरिने छ ।
  - मुहान पोखरी, वाहाल वनदेखिमहादेव खोला झरना हुँदै भट्टेडाँडा नगरकोट सम्मको विश्रामस्थल सहित पर्यटकीय हाइकिङ्ग ट्रेल निर्माण गरिनेछ ।
  - साहसिक पर्यटन सम्भावित क्षेत्रको पहिचान गरी Rock Climbing, Bungee Jump, Paragliding तथा जिप फ्लाइङ्गजस्ता योजनाहरु व्यवसायिक रुपमा संचालनको लागि सम्वन्धित पर्यटन व्यवसायीहरुलाई प्रोत्साहित गरिने छ ।
  - पर्यटकीय स्थलहरुको फोहोर मैला व्यवस्थापनको लागि सहकारी संस्था तथा महिला समूह बिच नगर स्तरीय प्रतिस्पर्धा आयोजना कार्यक्रम गरिनेछ ।

**ख) सामाजिक क्षेत्र**

- **<u>शिक्षा सम्बन्धी नीति तथा कार्यक्रमहरु</u>**
  - ➢ लक्षित वर्गलाई शिक्षामा दिइ आएको सुविधालाइ थप व्यवस्थित गरि निरन्तरता दिइनेछ ।
  - ➢ पाँच देखि चौध वर्षभित्रका वालवालिका कोही पनी स्कुल बाहिर नहुने (No one left behind) व्यवस्था गरिनेछ।
  - ➢ सर्वसाधारण जनताको गुणस्तरयुक्त शिक्षामा पँहुच पुर्याउन सामुदायिक विद्यालयको स्तर सुधारका कार्यक्रम ल्याइनेछ ।
  - ➢ प्राविधिक तथा ब्यावसायिक शिक्षामा प्राथमिकता दिइनेछ ।
  - ➢ शिक्षा क्षेत्रमा आधुनिक संचार प्रविधिको प्रयोग बढाइनेछ । सम्पुर्ण सामुदायिक विद्यालयमा बायोमेट्रीक हाजिरी प्रणालीको व्यवस्था गरिदै लगिनेछ ।
  - ➢ विद्यार्थी संख्या सारै न्यून भएका सामुदायिक विद्यालयलाइ भौगोलिक अवस्थाहेरी नजिकको विद्यालयमा मर्ज गरिने नीति लिइनेछ ।
  - ➢ न्युनतम विद्यार्थी संख्या र नतिजाको आधारमा उत्कृष्ठ सामुदायिक विद्यालयलाई पुरस्कृत गर्ने कार्यक्रम ल्याइनेछ ।
  - ➢ शिक्षक, प्रधानअध्यापक. तथा विद्यालय ब्ययवस्थापन समिति का पदाधिकारिहरुका लागि क्षमता विकास सम्बन्धि कार्यकमहरु ल्याईनेछ ।
  - ➢ प्रत्येक सामुदायिक सिकाई केन्द्रलाई सुचना प्रविधिमैत्री बनाइनेछ ।
- **<u>स्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रम</u>**
  - ➢ नगरपालिकाका सम्पूर्ण नगरवासीहरुलाई स्वास्थ्य सुविधामा पहुँच पुर्याइनेछ ।
  - ➢ नगरपालिका भित्र रहेका ७ स्वास्थ्य चौकी,१ प्राथमिक स्वास्थ्य केन्द्र,१ सामुदायिक स्वास्थ्य केन्द्र, १ आयुर्वेदिक संस्था तथा२ सहरी स्वास्थ्य केन्द्र लाई सुविधासम्पन्न बनाउनुका साथै सामुदायिक स्वास्थ्य केन्द्रलाई स्तरोन्नति गर्दै आगामी दिनमा अस्पतालको रुपमा विकास गरिनेछ ।
  - ➢ "एक वडा एक स्वास्थ्य चौकी" को नीतिलाई अबलम्वन गरिनेछ ।
  - ➢ पूर्ण खोपको दिगोपनालाई निरन्तरता दिइनेछ ।
  - ➢ आगामी आर्थिक वर्ष देखि वीर अस्पतालको एक नियमित OPD सेवा सञ्चालनको लागि पहल गरिनेछ साथै शहिद धर्मभक्त माथेमा मानव अंग प्रत्यारोपण केन्द्रको विस्तार गर्न पहल गरिनेछ ।
  - ➢ प्राथमिक आँखा उपचार केन्द्र स्थापनाको लागि सम्वन्धित निकाय संग समन्वय गरिनेछ ।
  - ➢ नगरभित्रका ७० वर्ष माथिका बृद्ध बृद्धाहरुका लागि निशुल्क स्वास्थ्य उपचारको व्यवस्था गरिनेछ ।
  - ➢ हरेक नगरबासीलाई सरकारी स्वास्थ्य बीमा योजनामा सहभागी गरिनेछ ।

- नगरभित्रका स्वास्थ्य केन्द्रमा कार्यरत महिला स्वास्थ्य स्वयम् सेविकाहरुको सिप र क्षमता अभिवृद्धिको कार्यक्रम संचालन गरिनेछ ।
- **"हरेक नागरिक स्वस्थ नागरिक"** को मूल नारासाथ नगरपालिकाका विभिन्न स्थानहरुमा निशुल्क स्वास्थ्य परिक्षण शिविर संचालन गरिनेछ ।
- नगरभित्र रहेका सम्पूर्ण स्वास्थ्य संस्थाहरुको क्षमता अभिवृद्धिको कार्यक्रम संचालन गरिनेछ ।
- नगर भित्र पानी जन्य रोगहरु न्यूनीकरण गर्न पानी शुद्धीकरण गर्ने कार्यक्रम संचालन गरिनेछ ।
- इमरर्जेन्सी औषधी खरिद फण्ड तयार गरिनेछ ।
- सरुवा रोग तथा नसर्ने रोगबारे अभिमुखीकरण कार्यक्रम सन्चालन गरिनेछ ।
- सहरी स्वास्थ्य केन्द्र स्थापना तथा सुद्रिढीकरण तथा व्यवस्थापन गरिनेछ ।
- विभिन्न स्वास्थ्य सम्वन्धी कार्यक्रम अनुगमन तथा सुपरिवेक्षण गरिनेछ ।
- क्यान्सर, मुटु रोग, मृगौला सम्बन्धी रोग जस्ता गम्भीर प्रकृतिका रोगको उपचारको लागि आर्थिक सहयोगलाई निरन्तरता दिइनेछ ।
- रक्तदान गर्ने कार्यलाई प्रोत्साहन गर्न रक्तदान कार्यक्रम आयोजना गर्ने संस्थालाई सहभागिताको आधारमा प्रति व्यक्ति रु ५०।०० दिने गरी निरन्तरता दिइनेछ ।

- **संस्कृति प्रवर्द्धनः**
  - चाँगुनारायण नगरपालिकाको धर्म,भाषा, संस्कृति, कला तथा सम्पदाको संरक्षण एवं विकासलाई जोड दिइनेछ । नगरपालिकामा रहेका पुरातात्विक महत्वका बस्ती, संरचना, मठ मन्दिर, गुम्बा, स्तम्भ, ताम्रपत्र, शिलालेख जस्ता ऐतिहासिक धरोहरको पहिचान गरी संरक्षण गरिनेछ ।
  - यस नगरपालिका भित्र परम्परागत रुपमा संचालन हुने मेला, जात्रा, दाफा, भजन आदि जस्ता धार्मिक परम्परालाई संरक्षण गर्दै त्यस्ता पर्वहरुलाई साँस्कृतिक, पर्यटन विकासको रुपमा स्थापित गरिदै लगिनेछ ।
- **लैंगिक समानता तथा सामाजिक समावेशीकरणः**
  - लैंगिकताको आधारमा कसैलाई भेदभाव गरिने छैन साथै यस नगरपालिकाले लिने हरेक नीतिहरुमा लैंगिक समानतालाई प्रवर्द्धन गरिनेछ ।
  - यस नगरपालिकाबाट प्रवाह हुने हरेक सेवा सुविधामा महिलालाई विशेष प्राथमिकता दिइनेछ ।
  - महिला, दलित, अल्पसंख्यक तथा फरक क्षमताभएका हरुको लागि क्षमता विकास गर्न सशक्तीकरणका कार्यक्रमहरु सन्चालन गरिनेछ ।
  - "एक महिला, एक दलित, एक तालिम"कार्यक्रम सन्चालन गर्दै लघु उद्यमशीलता विकासको दिशा तर्फ अघि बढिनेछ। जसलाई व्यवस्थित गर्न दोहोरोपना नहुने गरी तालिमको व्यवस्था मिलाइनेछ ।
  - लक्षित कार्यक्रमलाई अझ वढी व्यवस्थित र प्रभाबकारी बनाउँदै लगिनेछ ।

## ग) पूर्वाधार क्षेत्र

- **<u>सडक तथा पुलः</u>**
  - ➢ नगरपालिका केन्द्रबाट प्रत्येक नगर बस्ति र वडा केन्द्रलाई सुरक्षित र भरपर्दो सडक संजालमा जोडिनेछ ।
  - ➢ नगरपालिका भित्रका सबै सडकहरुको नामाकरण गर्ने कार्यको थालनी गरिनेछ ।
- **<u>सिंचाईः</u>**
  - ➢ खेतियोग्य जमीनमा सिंचाई सुविधा पुर्याउन मुख्य कुलोहरु संचालनमा ल्याइनेछ भने बाँकी सुक्खा जमीनमा लिफ्ट प्रविधिको सिंचाईको लागि सम्भाव्यता अध्ययन गरिनेछ ।
- **<u>भवन तथा शहरी विकासः</u>**
  - ➢ नगरपालिका भित्र निर्माण हुने सम्पुर्ण घरतथा संरचना भुकम्प प्रतिरोधि बनाइनेछ ।
- **<u>संचारः</u>**
  - ➢ नगरपालिकालाई संचार क्षेत्रसँग जोड्न तथा आम चाँगुनारायणबासीले सूचना संचारको भरपुर उपयोग गर्न आवश्यक निकायहरुसंग विशेष पहल गरी पहुँच वृद्धि गरिनेछ ।

## घ) वातावरण तथा विपद व्यवस्थापन

- **<u>वातावरण क्षेत्र</u>**
  - ➢ वातावरण सरसफाई सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।
  - ➢ Landfill site, Organic composite Plant तथा Faucal sludge treatment plan को सम्भाव्यता अध्ययन गरि DPR तयार गरिनेछ ।
  - ➢ हरियाली प्रवर्द्धनको लागि वृक्षारोपण तथा सार्वजनिक खालि जग्गामा नमूना उद्यान निर्माण गरिनेछ ।
  - ➢ वातावरणीय सरसफाइ आयोजनाहरु/ सरसफाइ सम्बन्धी Sewer system with treatment को कार्यलाई व्यवस्थित गरिनेछ ।
  - ➢ नगरपालिकाभित्र प्लाष्टिकको प्रयोगलाई निरुत्साहित गर्दै लगिनेछ ।
- **<u>वन तथा भूसंरक्षणः-</u>**
  - ➢ सडक किनारामा भूक्षय प्रतिरोधी विरुवाहरु रोपी त्यसको संरक्षण र उपयोग गर्न सम्बन्धित समुदायलाई परिचालन गरिनेछ ।
  - ➢ पहिरो तथा भूक्षयग्रस्त क्षेत्रहरुमा बृक्षारोपण गरिने तथा त्यसको संरक्षण गर्दै लगिनेछ ।
- **<u>जलवायु परिवर्तनः</u>**
  - ➢ नगरपालिकाभित्र जलवायु परिवर्तनले पारेको प्रभाव तथा असर बारे मध्यनजर गर्दै जलवायु परिवर्तनसँगअनुकूलन हुँदै जाने खालको प्रविधि अवलम्वन गर्न पहल गरिनेछ ।

- **<u>फोहोरमैला व्यवस्थापनः</u>**
  - नगरपालिकालाई स्वच्छ, सुन्दर तथा हराभरा राख्न फोहोरमैला व्यवस्थापन तथा सार्वजनिक शौचालय निर्माणको लागि पहल गरिनेछ ।
- **<u>विपद व्यवस्थापनः</u>**
  - नगरपालिका भित्र हुन सक्ने विपद् व्यवस्थापन गर्न"विपद व्यवस्थापन कोष" को नाममा एक आकस्मिक कोषको व्यवस्था गरिनेछ ।
  - नगरपालिकाको स्थानीय विपद तथा जलवायु उत्थानशील योजना र आपतकालीन पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गरिनेछ ।
  - नगरस्तरीय आपतकालीन कार्य सञ्चालन केद्र (MEOC) संचालन सम्बन्धि निर्देशिका तयार गरि आवश्यक कर्मचारीको व्यवस्थापन तथा क्षमता अभिवृद्धि गरेर २४ घण्टानै संचालन गरिनेछ ।
  - नगरपालिकामा विपद जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन सम्वन्धी अध्ययन केन्द्र स्थापना गरिनेछ ।
  - जोखिम संवेदनशील भू-उपयोग योजना तयार गरिनेछ ।
  - नगरस्तरीय विपद जोखिम न्यूनीकरण रणनीतिक योजना तयार गरिनेछ ।
  - विपद जोखिम न्यूनीकरणको लागि समुदाय स्तरमा विभिन्न माध्यम मार्फत जनचेतना तथा क्षमता अभिबृद्धिका कार्यहरु संचालन गरिनेछ ।
  - दिगो विकासका लागि हरेक विकास निर्माणका कार्यहरुमा विपद जोखिम न्यूनीकरणलाई समाहित गरिनेछ ।
  - नगरका प्रत्येक वडाहरुमा खोज तथा उद्दार र प्राथमिक उपचार कार्यदल गठन गरि क्षमता अभिबृद्धि गरिनेछ ।
  - प्रत्येक वडामा विपद व्यवस्थापन कोष रहने गरी व्यवस्था गरिनेछ ।

**ङ) संस्थागत विकास, सेवा प्रवाह र सुशासन**

- **<u>सूचना प्रविधि</u>**
  - आगामी आर्थिक वर्ष देखि नगरपलिका अन्तर्गतको हरेक कार्यालयहरुमा बायोमेट्रिक र सिसि क्यामराको प्रयोग गरिनेछ ।
  - नगरपालिका भित्र एक वडा एक वाईफाई जोन, एक वडा एक ई लाईवेरी जस्ता कार्यक्रम गरी युवावर्गमा नगरपालिकाको उपस्थितीलाई अझ बलियो बनाइनेछ ।
  - चाँगुनारायण नामक मोबाइल एप्लीकेशन मार्फत जडित भई नगरबासीलाई नगरपालिकाको गतिविधिमा अधिकतम पहुँचको सुनिश्चितता गराइनेछ ।
  - सुचना प्रविधिको अधिकतम प्रयोग गर्दै यस नगरपालिकामा रहेका सम्पूर्ण घरनक्साहरुलाई कम्पुटराईज प्रणालिमा लाने तथा अन्य आवश्यक फाइलहरु पूर्णरुपले डिजिटलाईज बनाइनेछ ।

- ➢ नगरपालिका सँग भएका तथ्याङ्क तथा सूचनाहरुको व्यवस्थीत रुपमा अभिलेखीकरण र अद्यावधिकको निमित्त संचालनमा रहेको सफ्टवेयरमा प्रोफाइल तथा डाटा व्यवस्थापन प्रणालि लागू गरिनेछ ।
- ➢ हाल संचालनमा रहेको दर्ता चलानी तथा सिफरिस प्रणालीमा थप सुविधा तथा सेवाहरु थप गरि वडा तथा नगरको सेवा प्रवाहमा सुधार ल्याइनेछ ।

- **न्यायिक समिति**
  - ➢ न्यायिक समितिलाई प्रभावकारी रुपमा सेवा प्रवाह गर्न अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
  - ➢ □वडा स्तर तथा नगर स्तरीय मेलमिलापकर्ता (सूचीकृत) हरुको छनौट तथा क्षमता अभिवृद्धि तालिम सञ्चालन गरिनेछ ।
  - ➢ प्रत्येक वडामा जनचेतनामुलक (न्यायिकविषयमा) कार्यक्रम सञ्चालनगर्ने व्यवस्था मिलाइनेछ ।
- **नागरिक वडापत्र तथा टोकन प्रणालीः**
  - ➢ सेवा प्रवाहमा टोकन प्रणाली स्थापना गरी First In First Out (FIFO) मान्यतामा सेवा प्रवाह गरिनेछ ।
- **सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधिको प्रयोगः**
  - ➢ नगरपालिकाबाट प्रवाह हुने सेवामा विद्युतीय सूचना प्रविधिको अत्याधिक प्रयोग गर्दै सेवा प्रवाहलाई छिटो छरितो बनाइनेछ ।

**च) वित्तीय व्यवस्थापनर सुशासनः**

- **राजस्व परिचालनः**
  - ➢ नगरपालिकाको राजश्व सुधार कार्ययोजना तर्जुमा गरिनेछ ।
  - ➢ २०७५ सालको साउन महिनालाई व्यवसाय दर्ता अभियानको रुपमा मनाउँदै नगरपालिका भित्र सन्चालित हरेक व्यवसायलाई करको दायरामा ल्याइनेछ ।
  - ➢ आम जनतालाई कर तथा राजश्वको महत्वका बारेमा जनचेतना बिस्तार गर्नको लागि अभियाननै सञ्चालन गरिनेछ ।
- **बेरुजु फर्छ्यौटः**
  - ➢ यस नगरपालिकालाई बेरुजु रहित नगरपालिका बनाइने तर्फ कदम चालिनेछ ।
- **सार्वजनिक सुनुवाईः**
  - ➢ नगरपालिकाबाट प्रवाह हुने सेवाको बारेमा समय समयमा सार्वजनिक सुनुवाई गरिनेछ ।

**सम्मानित नगरसभाका सभाध्यक्ष एवम् सदस्यज्यूहरु**

यस वजेटको कार्यान्वयनबाट यस नगरपालिकाको भविष्य उज्वल रहनेछ, नगरपालिका समृद्व बन्नेछ र चाँगुनारायणबासी दाजुभाई दिदीबहिनीको आयआर्जनमा वृद्वि भई यस नगरपालिका समृद्विको बाटोतर्फ लम्किनेछ भन्ने अपेक्षा लिएको छु। नीतिको कार्यान्वयनको लागि समग्र सरकारी, गैरसरकारी संघसंस्था,

आम जनसमुदाय, बुद्विजीवि, नागरिक समाज, राजनीतिक दल लगायत सबैले आ-आफ्नू ठाउँबाट प्रभावकारी भूमिका निर्वाह गर्नुहुनेछ भन्ने आशा तथा विश्वास लिएको छु ।
अन्त्यमा प्रस्तुत नीति तर्जुमा गर्नसहयोग पुर्याउनुहुने नगर सभा,नगर कार्यपालिका, वडा समितिका पदाधिकारी ज्यूहरु,राजस्व परामर्श समिति, स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समिति,नीति तथा कार्यक्रम तर्जुमा समिति लगायत सम्पुर्ण विषयगत समितिका पदाधिकारी ज्यूहरु,वस्तिस्तरीय भेला देखि सहभागी भई आयोजना कार्यक्रम छनौटमा प्रत्यक्ष र परोक्ष रुपले सकृय जनसमुदाय,नीति निर्माण प्रकृयामा अहोरात्र खटिरहनुभएका कर्मचारी ज्यूहरु लगायत नीति निर्माण प्रकृयामा प्रत्यक्ष र परोक्ष रुपले सहभागी हुनुहुने एवम् अमुल्य सहयोग, सद्भाव, सल्लाह दिनुहुने सम्पुर्णप्रति हार्दिक आभार व्यक्त गर्दछु ।